# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २१७ | काठमाडौं | बिहीबार, २२ मंसिर २०७९ | Prabhab National Daily | Thursday, December 8, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


दार्चुला सीमा विवादमा सहमति

## महाकाली नदीको बहाव पुरानै अवस्थामा फर्काइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** दार्चुलामा भारतले एकतर्फी निर्माण गर्न लागेको तटबन्ध तत्काल रोक्ने सहमति भएको छ । बुधबार भारतको धार्चुलामा बसेको दुवै देशका प्रमुख सुरक्षा निकायको छलफलमा भारतले निर्माण थालेको ग्याबिन तटबन्ध तत्काल रोकेर महाकाली नदीको बहाव पुरानै अवस्थामा फर्काउने सहमति जुटेको हो ।

नेपालतर्फ मोडिएको महाकाली नदीलाई पुनः आफ्नै धारमा फर्काइने सहमति भएको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले जानकारी दिए । उनका अनुसार विवादित क्षेत्रमा तत्काल काम पनि सुरु नगर्ने सहमति बनेको छ ।

भारतले महाकाली नदीको बहाव नेपालतर्फ धकेलिने गरी संरचना निर्माण गर्न थालेपछि विवाद उत्पन्न भएको थियो । नदीको कटान नियन्त्रणका लागि भन्दै भारतले दुई वर्षदेखि तटबन्ध निर्माण गरिरहेको छ ।

भारतले निर्माण गर्ने उक्त तटबन्धले दार्चुला सदरमुकामलाई नै जोखिममा पार्ने भन्दै त्यहाँका स्थानीय विरोध प्रदर्शनमा उत्रिएका थिए । त्यस क्रममा आइतबार दुवैपक्षबीच ढुंगा हानाहान भएको थियो । भारतीय पक्षले नेपालीलाई लक्षित गर्दै ढुंगा प्रहार गर्दा चार जना नेपाली घाइते भएका थिए । विरोधमा उत्रिएका स्थानीयले नेपाल-भारत जोड्ने महाकाली नदीमाथिको झोलुंगे पुलको गेटमा ताला लगाइदिएका थिए । स्थानीय प्रशासनले पछि उक्त ताला खोलेको थियो ।

उक्त विवाद समाधानका लागि नेपाल र भारतीय प्रशासनबीच आइतबार पनि जिल्ला प्रशासन कार्यालय दार्चुलामा छलफल भएको थियो । बुधबार भएको छलफलमा १० दिनभित्र नदीलाई पुरानो स्थानमै फर्काउने गरी सहमति भएको हो । खलंगाका स्थानीयवासीको मागअनुसार नदीको बीचमा रहेका अस्थायी संरचना हटाउन आज (बिहीबार)देखि १० दिनको समय दिइएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी राजेश शाहीले बताए ।

नेपालतर्फ सोझिएको नदीको धारबीचमा पार्ने, अत्यावश्यकबाहेकका अस्थायी निर्माण गरेका संरचना तत्काल हटाउने, यसका लागि भारतीय जनशक्ति नै परिचालन गर्ने सहमतिसमेत भएको प्रजिअ उपाध्यायले जानकारी दिए । प्रजिअ उपाध्यायका अनुसार तोकिएको समय १० दिनभित्र सहमतिअनुसार काम गरे नगरेको अवस्थालाई हेरी पुनः भारतीय प्रशासनसँग छलफल अघि बढाइनेछ ।

खलंगास्थित बांगाबगर क्षेत्रको पारिपट्टि भारतले महाकाली नदी नेपालतर्फ फर्किने गरी निर्माण गरिरहेको तटबन्धको चौतर्फी चर्चा भएको छ । नेपाल सरकारले मंगलबार यस विषयमा भारतलाई कूटनीतिक नोट पठाएको थियो । परराष्ट्र मन्त्रालयले काठमाडौंस्थित भारतीय दूतावासमार्फत भारतलाई पठाएको कूटनीतिक नोटमा नेपालको सहमतिविना संरचना बनाइएको र यसले नेपालतर्फ क्षति पुगेकोले सीमा क्षेत्रमा संरचना निर्माण गर्नु परे दुवै देशको सहमति र समन्वय हुनुपर्ने उल्लेख गरिएको थियो । कूटनीतिक नोट पठाएपछि भारतीय अधिकारीले मंगलबार महाकाली नदी क्षेत्रमा भइरहेको तटबन्ध निर्माणको कामको अनुगमन गरेका थिए ।

# सर्वोच्चमा चोलेन्द्रको दच्को

संसद् सचिवालयका महासचिव भरतराज गौतमले प्रधानन्यायाधीश जबरालाई महाभियोगमा सफाइ दिए, संसद्को कार्यकाल सकिएकाले महाभियोग निष्प्रभावी भएको तर्क

■ जेबी योञ्जन

**काठमाडौं–** निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा अवकाश पाउन साता दिन पनि नभएको बेला सर्वोच्च अदालत फर्किने अन्तिम कसरतमा छन् । उनलाई सर्वोच्च फर्किने बाटो खोल्नेगरी संघीय संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले बुधबार महाभियोगमा सफाइपत्र दिए । पत्रका कारण न्यायिक मात्र नभएर राजनीतिक वृत्त तरंगित छ ।

सोही पत्रका आधारमा जबरा सर्वोच्चमा बुधबार दिउँसो २ बजे आउने हल्ला एकाएक फैलियो । सुरक्षा व्यवस्था एकैछिनमा कडा बनाइयो । संसद्मा महाभियोग प्रक्रिया टुंगिएर सफाइ नपाएका कारण सर्वोच्च प्रवेशमा जबरालाई रोक्न भन्दै नेपाल बार र सर्वोच्च बार एसोसिएसन मातहतका कानुन व्यवसायीहरू सर्वोच्चको मूल गेट क्षेत्रमा उभिए । तर, जबरा सर्वोच्चमा आएनन् । बरु उल्टै उनी समर्थित तारा बरालले गेट अगाडि उभिएका कानुन व्यवसायीहरूलाई लक्षित गरेर जुत्ता प्रहार गरिन् । उनलाई प्रहरीले नियन्त्रणमा लियो ।

प्रधानन्यायाधीश जबरा सर्वोच्च फर्किन नमिल्ने र उनलाई महाभियोगमा सफाइ दिन नमिल्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले बताए । 'महाभियोग प्रक्रिया टुंगिएको छैन । नयाँ संसद्ले अब स्वामित्व ग्रहण गरेर अगाडि बढाउनुपर्छ तर एक जना कर्मचारीले सफाइ दिन कहीँ मिल्छ ?,' प्रभावसँग त्रिपाठीले भने, 'एक जना कर्मचारी के न्यायपालिका हो ? के राजा लुइस १६ औं हो ?'

संसद् सचिवालयका महासचिव डा. गौतमले महाभियोग अघि बढाएको संसद्को कार्यकाल सकिएको दाबी गरेका छन् । जुन संसद्मा महाभियोग अघि बढेको थियो, त्यही संसद् नभएपछि महाभियोग निष्प्रभावी हुने बुझाइका आधारमा सफाइ दिएको तर्क अघि सारेका छन् । यद्यपि, सत्तारूढ दलहरूले संसद् सचिवालयका महासचिवलाई महाभियोगजस्तो गम्भीर सवालमा सफाइ दिने विशेष अधिकार नभएको र कारबाही प्रक्रिया अघि बढाउने चेतावनी दिएका छन् । पूर्वकानुनमन्त्रीसमेत रहेका




## सर्वोच्चको चार प्रश्न

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतमा बुधबार बसेको पूर्ण बैठक (फूलकोर्ट)ले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरूद्धको महाअभियोग प्रस्ताव कुन संवैधानिक वा कानुनी व्यवस्थाले निष्प्रभावी भएको भनी प्रश्न उठाएको छ । कायममुकायम प्रधानन्यायाधीश हरि कृष्ण कार्कीसहित सम्पूर्ण न्यायाधीशहरूको बैठकले नवनिर्वाचित प्रतिनिधिसभाले कार्य प्रारम्भ नगर्दैको अवस्थामा कुन संवैधानिक वा कानुनी व्यवस्थाको आधारमा महासचिवले महाभियोगको प्रस्ताव निष्प्रभावी भएको भनी उल्लेख गर्नुभएको हो ? भनी प्रश्न गरिएको छ ।

बैठकपछि सर्वोच्च अदालतका सहरजिस्ट्रार नारायणप्रसाद रेग्मीले संघीय संसद् सचिवालयलाई बैठकको निर्णयसहित पठाइएको पत्रमा संवैधानिक र कानुनी विभिन्न प्रश्न सोधिएको छ । पत्रमा, पहिलो प्रश्नः प्रतिनिधिसभामा मिति २०७८ फागुन १ मा दर्ता भएको महाभियोग प्रस्तावका सम्बन्धमा महाभियोग सिफारिस समितिबाट प्रतिनिधिसभामा पेस भएको भनिएको प्रतिवेदनउपरको कारबाहीको निरन्तरता अहिले कायम छ वा छैन ?

दोस्रो प्रश्नमाः नयाँ प्रतिनिधिसभामा सो प्रस्ताव पेस हुने वा नहुने के हो ? रहेको छ भने तेस्रो प्रश्न : उक्त महाभियोग प्रस्ताव तत्कालीन प्रतिनिधिसभाको कार्यकाल समाप्त भएको मितिले निष्प्रभावी भएको भनिएको हो ? वा निर्वाचन भएको मितिले निष्प्रभावी भएको हो ? अथवा महाभियोग लागेका सम्माननीय प्रधानन्यायाधीशले निवेदन दिनुभएको मितिले निष्प्रभावी भएको भनिएको हो ?

चौथो प्रश्नः नवनिर्वाचित प्रतिनिधिसभाले कार्य प्रारम्भ नगर्दैको अवस्थामा कुन संवैधानिक वा कानुनी व्यवस्थाको आधारमा महासचिवले महाभियोगको प्रस्ताव निष्प्रभावी भएको भनी उल्लेख गर्नुभएको हो ?

बैठकले उक्त सवालको जवाफ तत्काल उपलब्ध गराउन भनेको छ । बुधबार बिहान सर्वोच्च अदालतमा प्रधानन्यायाधीश जबराविरूद्धको महाअभियोग प्रस्ताव निष्प्रभावी भएको भनी संसद् सचिवालयले पत्र पठाएको थियो ।

महाभियोग प्रक्रिया टुंगिएको छैन । नयाँ संसद्ले अब स्वामित्व ग्रहण गरेर अगाडि बढाउनुपर्छ तर एक जना कर्मचारीले सफाइ दिन कहीँ मिल्छ ? एक जना कर्मचारी के न्यायपालिका हो ? के राजा लुइस १६ औं हो ?

■ **दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता

—०००—

एक कर्मचारीले कहीँ सार्वभौम संसद्को अधिकार प्रयोग गर्न पाउँछ ? कहीँ त्यस्तो व्यवस्था संविधानमा छ ? अनि, छँदै नभएको अधिकार प्रयोग गरेर महाभियोगजस्तो गम्भीर मुद्दामा सफाइ कसरी दिन मिल्छ ? यो सरासर संविधानको उल्लंघन हो । यस्तो कार्य कारबाहीयोग्य हुन्छ ।

■ **देव गुरुङ**
महासचिव, माओवादी केन्द्र

नेकपा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले संसद् सचिवालयका महासचिव गौतमले संविधानको गम्भीर उल्लंघन गरेको र सार्वभौम संसद्को अधिकार प्रयोग गर्न नमिल्ने भन्दै उनलाई कारबाही गर्ने बताए ।

'एक कर्मचारीले कहीँ सार्वभौम संसद्को अधिकार प्रयोग गर्न पाउँछ ? कहीँ त्यस्तो व्यवस्था संविधानमा छ ? अनि, छँदै नभएको अधिकार प्रयोग गरेर महाभियोगजस्तो गम्भीर मुद्दामा सफाइ कसरी दिन मिल्छ ? यो सरासर संविधानको उल्लंघन हो । यस्तो कार्य कारबाहीयोग्य हुन्छ,' (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार


## साउदीमा थप ५४ जनालाई एक्जिट भिसा

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर कठिनाइ झेलिरहेका थप ५४ जना नेपालीले बहिर्गमन (एक्जिट) भिसा पाएका छन् । साउदीको अध्यागमन कार्यालयले जारी गरेको नयाँ नियमअनुसार हुरुब लागेका (कम्पनी छोडेर भागेका) ५४ जना नेपालीले उक्त भिसा पाएका हुन् ।

साउदी सरकारले लागू गरेको नियमअनुसार एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले बढीमा एक हप्ताभित्र साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । २७ नोभेम्बरदेखि डिसेम्बर १ सम्मको अवधिमा जम्मा ५४ जनाको एक्जिट भिसा प्राप्त भएको दूतावासले उल्लेख गरेको छ ।

हुरुब लागेका नेपालीहरूलाई एक साताभित्र साउदी छोड्न जानकारी दिँदै समयमै एक्जिट भिसाको म्याद हेर्न पनि दूतावासले अनुरोध गरेको छ । एक हप्ता अगाडि नै एक्जिट भिसा आएको उल्लेख गर्दै दूतावासले आफ्नो मोबाइलमा सन्देश प्राप्त नभए दूतावास आएर एक्जिट भिसाको कागज लैजान सकिने जनाएको छ । आफूले एक्जिट भिसा पाए/नपाएको हेर्नका लागि दूतावासको आधिकारीक फेसबुक पेज वा वेवसाइटमा हेर्न सकिने बताइएको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने दूतावासले उल्लेख गरेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ ।



साउदी सरकारले लागू गरेको नियमअनुसार 'एक्जिट भिसा' प्राप्त गरेका व्यक्तिहरूले बढीमा एक हप्ताभित्र साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ ।

इकामा (बस्ने अनुमति)को म्याद सकिएको तीन महिनाभन्दा बढी भैसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसाको प्रक्रिया दूतावासले अगाडि बढाइदिने जानकारी दिइएको छ ।

त्यसैगरी, कुनै कसूर वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ । यसअघि पाँच महिनाको अवधिमा पटक-पटक गरी झण्डै एक हजार २०० नेपालीले एक्जिट भिसा पाइसकेको दूतावासको तथ्यांकले देखाएको छ ।

## पोर्चुगल पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पोर्चुगल पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा झापाको कन्काइ नगरपालिका-७ स्थायी घर भई भक्तपुरको गट्ठाघर बस्ने ३८ वर्षीय सञ्जिव आचार्यलाई प्रहरीले पक्राउ गरेको हो ।

आचार्यले पोर्चुगलको एक प्रतिष्ठित कम्पनीमा रोजगारी दिलाइदिने प्रलोभन देखाई प्रतिव्यक्ति १२ लाख रूपैयाँ लाग्ने भन्दै उमेश अधिकारीसमेत चार जनासँग पटक-पटक गरी २७ लाख रूपैयाँ लिएर फरार भएको प्रहरीले जनाएको छ । उनले पोर्चुगलमा मासिक एक लाखभन्दा बढी कमाइ हुने प्रलोभन देखाएर पीडितहरूसँग पैसा लिएर सम्पर्कमा नबसी फरार भएको अवस्थामा पक्राउ परेको प्रहरीले जनाएको छ ।

विदेश पठाउने नाममा ठगी गरेको पाइएकाले उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले आचार्यलाई पक्राउ गरेको प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिए । आचार्यलाई वैदेशिक रोजगार विभागले पक्राउ गरी उपस्थित गराइदिन आग्रह गर्दै पत्राचार गरेपछि प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका आचार्यलाई थप अनुसन्धानका लागि विभागमा बुझाइएको रेग्मीले जानकारी दिए ।

विदेशमा आकर्षक तलब प्राप्त हुने लोभमा फस्दा नेपालीहरू दैनिकजसो ठगिदै आएको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । पछिल्लो समय ठगीको घटना बढ्दै गएको उल्लेख गर्दै भुसालले विभागमा थुप्रै उजुरी पर्ने गरेको र नेपाल प्रहरीको समन्वयमा ठगीमा संलग्नहरूलाई पक्राउ गरिरहेको बताए ।




# 'वाटर एटिएम'मा आकर्षण

**काठमाडौं–** काठमाडौं उपत्यकामा 'वाटर एटिएम'को प्रयोजन बढ्न थालेको छ । 'वाटर भेन्डिङ' मेसिनबाट दुई रूपैयाँमा पानी पिउन पाएपछि उपत्यकामा पछिल्लो समय एटिएमको प्रयोग बढेको हो ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकृत सन्तोष बरालका अनुसार वाटर एटिएम काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले पहिलो चरणमा काठमाडौं महानगरसँगको सहकार्यमा महानगरभित्रका पाँच स्थानमा प्रयोगमा ल्याएको थियो । वाटर एटिएमको प्रयोग बढेसँगै हाल उपत्यकाभित्रका काठमाडौंमा १२, ललितपुरमा सात र भक्तपुरमा एक गरी जम्मा २० एटिएम सञ्चालनमा रहेका छन् ।

काठमाडौंमा टेकु, कलंकी, स्वयम्भू, बाइसधारा, शंखपार्क, शंखधर पार्क, नयाँ बानेश्वर, सिआइटी विल्डिङ, सहिद गंगालाल, टिचिङ, वीर र सिभिल सर्भिस अस्पतालमा वाटर एटिएम सञ्चालनमा छन् ।

त्यसैगरी ललितपुरमा नेपाल इञ्जिनियर्स एसोसियसन, बंगलामुखी मन्दिर, कुसुन्ती, पाटन हस्पिटल, ललितपुर महानगरपालिका, पुल्चोक इञ्जिनियरिङ क्याम्पस र मेन्टल अस्पतालमा एटिएम सञ्चालनमा छन् । भक्तपुरमा हाल भक्तपुर क्यान्सर अस्पतालमा सञ्चालनमा रहेको खानेपानी व्यवस्थापन बोर्डका इञ्जिनियर तेजविनोद पाण्डेले जानकारी दिए ।




वाटर एटिएम कसरी प्रयोग गर्ने, गिलास कसरी निस्कन्छ र पानी कसरी भर्ने सम्बन्धमा जानकारीमूलक पोस्टरसहित एटिएम राखिएको छ । मानिसको भीडभाड हुने स्थान, पार्क तथा सार्वजनिकस्थलमा एटिएम व्यवस्था गरिएको हो । त्यसकारण आवतजावत गर्ने सर्वसाधरणका लागि पानी पिउन सहज भएको छ ।

काठमाडौंको शंखधर उद्यान (रत्नपार्क)मा रहेको वाटर एटिएमबाट दैनिकजसो पानी पिउँदै आएका माइक्रो चालक लज श्रेष्ठले वाटर एटिमबाट सस्तो मूल्यमा पानी पिउन पाउँदा राम्रो लागेको बताए । उनले भने, 'थोरै प्यास लाग्दा पनि पहिला २५/३० रूपैयाँ तिरेर बोतलको पानी पिउने गरेको थिएँ, हाल यहाँ नजिकै वाटर एटिएम राखेकाले सहज भएको छ ।'

त्यसैगरी काठमाडौंको चक्रपथ नजिकै रहेको शंखपार्क परिसरमा रहेको वाटर एटिएमबाट पानी पिउने सर्वसाधारण भवानी कार्कीले नेपालमा नयाँ प्रविधि सञ्चालनमा आउँदा राम्रो लागेको तर कुनै बेला मेसिनबाट गिलास नआउने र कहिले पैसा साट्दा सिक्का नआउने समस्या रहेको बताए । साट्न राखेको पैसासमेत फिर्ता नआएको हुँदा समय-समयमा मेसिन जाँच गर्नुपर्ने उनको भनाइ छ । *रासस*

# अन्तरक्रियासहित मनाइयो एटिजे स्थापना दिवस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** तामाङ पत्रकारहरूको साझा संस्था तामाङ पत्रकार संघको १९ औं स्थापना दिवस मनाइएको छ । संघको केन्द्रीय कार्यसमितिले बुधबार पूर्वअध्यक्षहरूसँग अन्तरक्रिया गरी स्थापना दिवस मनाएको हो ।

सोही अवसरमा संस्थाको वेबसाइटसमेत सार्वजनिक गरिएको छ । संस्थाका संस्थापक अध्यक्ष रविन्द्र तामाङले वेबसाइट सार्वजनिक गरेका हुन् । त्यस क्रममा बोल्दै उनले संघ स्थापना गर्नुको उद्देश्यबारे प्रस्ट पारेका थिए । तामाङ समुदायको विषयलाई सञ्चार माध्यममार्फत उजागर गर्न र तथ्यमा आधारित पत्रकारिताको विकासमा संघको भूमिका अझ सशक्त हुनुपर्ने उनले बताए । संस्थापक अध्यक्ष तामाङले तामाङ सञ्चार कोषका लागि ५० हजार रूपैयाँ आर्थिक सहयोगको घोषणा गरे । साथै, तामाङ समुदाय केन्द्रित अनुसन्धानमूलक समाचार प्रकाशनका लागि वार्षिक २५ हजार रूपैयाँ पुरस्कार प्रदान गर्ने घोषणासमेत उनले गरेका छन् ।

कार्यक्रममा पूर्वअध्यक्ष जगतमान लामा दोङले पनि संस्थाको कोषमा आर्थिक सहयोगको घोषणा गरे । उनले



कोषमा ५० हजार रूपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका हुन् । पूर्वअध्यक्ष दोङले संस्थाको स्थापनाकालदेखि हालसम्मका घटनाक्रमहरूका बारेमा चर्चा गरेका थिए ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का उपाध्यक्ष तथा संघका सल्लाहकार अमरध्वज लामाले मूलधारका मिडियामा आउन नसकेका आदिवासी जनजातिका विषयवस्तुलाई प्राथमिकता दिनुपर्ने बताए । वैकल्पिक मिडियाको प्रभाव बढ्दो रहेको उल्लेख गर्दै उनले त्यसको उपयोगमा जोड दिनुपर्ने बताए ।

कार्यक्रममा पूर्वअध्यक्षद्वय दीपेन्द्र लामा र विष्णु मोक्तान, सामुदायिक रेडियो प्रसारक संघका उपाध्यक्ष मिलन गाहा, रेडियो नमोबुद्धका स्टेसन म्यानेजर तथा प्रेस चौतारी नेपालका महासचिव हिरामान लामालगायतले मन्तव्य राखेका थिए । संघका अध्यक्ष सुवास योञ्जनले कार्यक्रमबाट प्राप्त सुझावलाई लिएर काम गर्ने प्रतिबद्धता जनाए । संघको दुईवटा प्रदेश समिति, २२ जिल्ला शाखा तथा एक प्रवास समिति क्रियाशील रहेको उनले जानकारी दिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARKNWASH FOR CAR POLISHING AND PROTECTION CO WLL

पुर्व स्वीकृति मिति २०७९/०८/२१ LT. No. 277356 चलानी नं. ६०१८५२६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS (INDOOR) | 150 | 0 | 90 | ३८६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd) श्रम ईजाजत नं. १५५२/०७९/०८०

Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com


## सर्वोच्चमा ...

पृष्ठ १ बाट जारी

गुरुङले भने ।

उनी यसअघि संसद्मा माओवादी संसदीय दलका प्रमुख सचेतक थिए । साथै, प्रधानन्यायाधीश जबराविरुद्ध महाभियोग प्रस्ताव अघि बढाउने ९८ जना सांसदमध्येका एक हुन् । २०७८ फागुन १ मा गुरुङको दल माओवादी केन्द्रसहित नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीका सांसदहरूले विभिन्न अभियोग लगाउँदै महाभियोग प्रस्ताव संसद्मा दर्ता गराएका थिए ।

प्रस्तावलाई लिएर संसद्मा महाभियोग समिति नै गठन भयो । उक्त समितिले जबरासँग वयान लिएर छानविन गरी प्रतिवेदन संसद्मा पठाएको छ । दफावार छलफल भने हुन बाँकी छ । किनभने, महाभियोग प्रक्रिया अघि बढाइएको संसद्को बुधबार राति १२ बजे कार्यकाल पूरा हुँदै छ । त्यसपछि संसद् शून्यताको स्थिति हुनेछ ।

तर, नयाँ संसद्ले महाभियोगलाई स्वामित्व ग्रहण गरेर टुंगोमा पुऱ्याउन सकिने संवैधानिक आधारहरू रहेको सर्वोच्च बारका अध्यक्ष पूर्णमान शाक्यले बताएका छन् । सोही कारण संसद्को कार्यकाल सकिए पनि महाभियोग निष्क्रिय वा निष्प्रभावी हुने भन्ने नहुने उनको तर्क छ । उनका अनुसार महाभियोग जिवितै छ । उनको यो भनाइसँग सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि सहमत छन् । अर्को संसद्ले जीवित रहेको महाभियोगलाई अघि बढाइने उनको भनाइ छ ।

प्रधानन्यायाधीश जबरा महाभियोग दर्ता भएकै दिनदेखि निलम्बनमा परेका हुन् । यसअघि उनले पटक-पटक सर्वोच्च आउने प्रयास गरेका थिए । नेपाल बारको नेतृत्वमा कानुन व्यवसायीहरूले सर्वोच्च प्रवेशमा बाधा गरिरहेपछि उनीका यसअघिका प्रयासहरू असफल भए । उनको अवकाश भने यही मंसिर २७ मा हुँदै छ । त्यसअघि महाभियोगमा सफाइ पाएर चोखिन जबरा चाहन्छन् । मिलेमतोपछि महासचिव गौतमले उनलाई सफाइ दिएको पनि कतिपयले अर्थ्याएका छन् ।

गौतमले सफाइ दिएको पत्रलाई कार्यान्वयन नगराउन माग गर्दै बुधबार नै रिट दायर भएको छ । सर्वोच्चले पनि गौतमलाई कुन संवैधानिक व्यवस्थाको प्रावधानअनुसार सफाइ दिएको भन्दै जवाफ मागेको छ ।

जबरामाथि कार्यपालिकासँग भागबण्डा मागेको, न्यायलयमा भ्रष्टाचार, अनियमितताजस्ता विकृति र विसंगतिलाई न्यूनीकरण नगरेकोलगायतका अभियोग जबरामाथि लागेको छ । निष्पक्ष ढंगले न्याय सम्पादन नगरेको र बेञ्च सपिङ गराएकोसँगै विचौलियाको रूपमा भाइलाई प्रयोग गरेको अभियोग पनि उनलाई लागेको छ ।

विशेष अदालतमा हुँदा पनि अख्यितार दुरूपयोग अनुसन्धान आयोगलेदायरगरेकोभ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा आरोपीहरूलाई उन्मुक्ति दिएको आरोपको सामना जबराले गर्दै आएका छन् । तर, जबराले ती अभियोगहरू अस्वीकार गर्दै आएका छन् । राजनीतिक पूर्वाग्रह साँधेको भन्दै असन्तुष्टि व्यक्त गर्दै आएका छन् । आफूविरुद्धको महाभियोग पनि खारेजयोग्य भएको उनको जिकिर छ ।

महाभियोग पारित हुन भने दुई तिहाइ मत चाहिन्छ । तर, अब बन्ने संसद्मा दुई तिहाइ मत जुटाएर महाभियोग पारित गराउन भने सत्तारूढ दलहरूलाई चुनौती हुने देखिएको छ । किनभने, जनमत पार्टीको समर्थनविना सत्ता गठबन्धनलाई बहुमतीय सरकार गठन गर्नेगरीको सामान्य बहुमत पनि छैन, जसले गर्दा दुई तिहाइ बहुमतले महाभियोग पारित नहुने देखिन्छ ।

सफाइ दिने पत्रविरुद्ध रिट

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध दर्ता भएको महाभियोग प्रस्ताव निष्प्रभावी भएको भन्ने संघीय संसद् सचिवालयको पत्र खारेजीको माग गर्दै रिट निवेदन दायर गरिएको छ । सर्वोच्च बारका अध्यक्ष पूर्णमान शाक्य, उपाध्यक्ष मुकुन्दप्रसाद पौडेल, सचिव ऋषिराम घिमिरे, कोषाध्यक्ष विनोदकुमार कार्की, सदस्य विकास भट्टराई, अनन्तराज लुइँटेल, दीपनारायण साह, अमिता गौतम र रामहरि त्रिपाठीले दायर गरेको रिट निवेदनमा उक्त माग गरिएको छ ।

रिट निवेदनमा भ्रष्टाचार, कार्यक्षमताको अभाव, खराब आचरणलगायतका आरोप लगाई राणाविरुद्ध मअहाभियोग प्रस्ताव पेस गरी निलम्बन गरिएको तर संघीय संसद्का महासचिवले पत्र लेख्दैमा महाभियोग प्रस्ताव निष्क्रिय नहुने उल्लेख छ ।

गत असोज १ गते महाअभियोग सिफारिस समितिले छानविन अनुसन्धान प्रतिवेदन सभामुखसमक्ष पेस गरेको र सभामुखले महासचिवलाई पत्र प्रेषित गरी प्रतिनिधिसभासमक्ष प्रस्तुत गर्ने व्यवस्था मिलाउनु भनिएको तोक आदेश भएको अवस्थामा गैरकानुनीरूपमा पत्र पठाएको उल्लेख छ । रिट निवेदनमा उक्त निर्णय बदर गर्न माग गरिएको छ ।


Provincial Government
Sudurpaschim Province
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Infrastructure Development Office
Sanfebagar, Achham

## Invitation for Bids

Date of publication: 2079/08/22

Method of Procurement: NCB, Eligibility Procedure

1. Infrastructure Development Office invites sealed Bids from all eligible Nepalese Bidders for Construction of Following Road Project with construction detail as follows.

***(Name and Identification no of Contract are as follows.)***

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Security Validity Period | Last Date For Bid Submission | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/ACHHAM/NCB/W/R/**09**/2079-080 | Upgrading and Construction of bajura swasthaya chauki hudai tate prahari chauki thuma dekhi nimani samma sadak,budhiganga-05,bajura. | **1715184.86** | 55,000 | Validity up to 120 days from the last date of bid submission | 2079/09/24 | 3,000 |
| 2 | IDO/ACHHAM/NCB/W/R/**10**/2079-080 | New cutting of khaptad chhededaha gaaupalika bajura-01, nuwakot dekhi biradi gaau hudai tamakhani khaptad chhededaha-01, kada sadak | **1712531.29** | 55,000 | | 2079/09/24 | 3,000 |
| 3 | IDO/ACHHAM/NCB/W/R/**11**/2079-080 | New cutting of chim dekhi bhinikaad krishi sadak nirman himali-6 | **1712786.65** | 55,000 | | 2079/09/24 | 3,000 |
| 4 | IDO/ACHHAM/NCB/W/R/**12**/2079-080 | New cutting of faiti samaiju mandir dekhi borta gaau samma sadak nirman himali-4 bajura | **1713703.70** | 55,000 | | 2079/09/24 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Infrastructure Development Office Sanfebagar Achham***, Email Address: p7ido.achham@gmail.com, Contact No: 097625214 or may visit PPMO **website** www.bolpatra.gov.np.
   Name of the Bank: Rastriya Banijya Bank Mangalsen Branch, Achham
   Name of Office: Infrastructure Development Office, Achham
   Office Code no. : 3370172017
   Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak No.: 14229
3. Bidder shall have the option of submitting their bid electronically only. Submission of Hard copy bids shall not be entertained.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2079/09/24 At the Infrastructure Development Office Achham. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as stated in above table, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If Bidder wish to Submit the bid security in the form of cash bidder has to deposit cash in Dharauti Account no 4260100202030000 of Infrastructure Development Office Achham at Rastriya Banijya Bank Mangalsen Branch, Achham and Submit Bank Deposit Voucher along with a Bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.
8. Any Amendments in This tender Notice will be posted in the notice board of IDO, Achham or may visit PPMO e-GP system www.bolpatra.gov.np

**Senior Divisional Engineer**

# गाउँसभा नबस्दा कर्मचारीले तलब र जनताले सेवा पाएनन्

■ राकेशकुमार मिश्र

**खजुरा–** बाँके डुडुवा गाउँपालिकाको गाउँसभा अझै बस्न नसक्दा सम्पूर्ण सेवा प्रभावित भएको छ । समयमा गाउँसभाले बजेट नल्याएपछि स्थानीयले पाउनुपर्ने सेवा ठप्प भएको छ भने कर्मचारीहरूले तलब भत्तासमेत पाउन सकेका छैनन् ।

चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि हालसम्मको तलबभत्ता तथा चाडपर्व खर्च गाउँपालिकाका कर्मचारीले खान पाएका छैनन् भने अन्य सबै विषयगत सेवाहरूसमेत प्रभावित भएको छ । अहिले स्वास्थ्य चौकीमा सिटामोलसमेत छैन भने प्रयोगशाला, स्वास्थ्य सेवा, पशु, कृषि लगायतका सेवा प्रभावित भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पौडेलले बताए ।

कर्मचारीले तलब नपाउँदा उनीहरूको दैनिक खर्च, घरभाडा, छोराछोरीलाई पढाउन नसक्दा समस्या भएको बेतहनी स्वास्थ्य चौकीका प्रमुख हेमन्त शर्माले बताए । उनले भने, 'राजनीतिक विवादको मारमा हामी परेका छौं, हाम्रो काम भनेको सेवा दिने हो, अहिले घर खर्च धान्न समस्या छ, तर जनप्रतिनिधीहरूले यो समस्या बुझ्नुभएको छैन ।'

समयमा गाउँसभा नहुँदा संघीय र प्रदेश सरकारबाट प्राप्त ससर्त, विशेष अनुदान र समपूरक अनुदानको बजेट कार्यान्वयनको प्रक्रियामा नबढेपछि 'फ्रिज' हुने सम्भावनासमेत बढेको छ । विकास निर्माणसँगै गाउँपालिकाले नदीजन्य पदार्थको उत्खनन् तथा ढुवानीको बोलपत्र प्रक्रिया अवरुद्ध हुँदा यसले पालिकालाई आन्तरिक स्रोतमासमेत असर पारेको छ ।

पालिकाले सञ्चालन गरेको राष्ट्रियस्तरको कार्यक्रमअन्तर्गत घरघरमा पशु सेवा बन्द भएपछि निःशुल्क उपचार सेवा नपाएर चालु आर्थिक वर्षको हालसम्म करिब ५०० भन्दा बढी चौपाया मरेको गाउँपालिका पशु शाखाका कर्मचारी रक्षाराम यादवले बताए । उनका अनुसार पशु सेवाअन्तर्गत घरघरमा प्रदान गरिने सेवाका लागि औषधि, ल्याब केमिकल नभएपछि सेवा दिन सकिएको छैन ।

यसैगरी कर्मचारीहरूले पारिश्रमिक नपाएपछि विकल्पमा आन्दोलनको कार्यक्रम रोजेका छन् । स्थानीय तहको निर्वाचनपछि नयाँ आव २०७९/८० को गाउँसभा नबस्दा बजेट पारित नभएर सेवाग्राहीका सबै सुविधा ठप्प भएपछि सेवाग्राही र कर्मचारीहरू आक्रोशित बनेका छन् । गाउँपालिका स्वास्थ्य शाखाअन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीले तत्काल तलब भत्ताको माग गर्दै गत आइतबार गाउँपालिकाका जनप्रतिनिधिको ध्यानाकर्षण गराएका छन् ।

स्वास्थ्य कर्मचारीका तर्फबाट स्वास्थ्य शाखाप्रमुख धनबहादुर बुढाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा गाउँसभा सदस्य-सचिव कृष्णप्रसाद पौडेललाई यही मंसिर २२ गतेदेखि चरणबद्ध दबाबका कार्यक्रमसँगै ज्ञापनपत्र बुझाए । केही दिनअघि शिक्षकहरूले पनि ध्यानाकर्षण गराएको थियो । नेपाल शिक्षक महासंघ बाँकेले शिक्षक तथा विद्यालय कर्मचारीहरूको तलबभत्ता तथा छात्रवृत्ति, दिवा खाजाजस्ता नियमित बजेट विद्यालयमा साउनदेखि नै निकासा नहुँदा शिक्षक तथा विद्यालय कर्मचारीले तलब नपाएको र विद्यालयका दैनिक कामकाजहरूमा कठिनाइ भएकाले सोको पहलका लागि आग्रह गरेको छ ।

गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले विपक्षी दलहरूले अवरोध गरेका कारणले गाउँसभा हुन नसकेको बताए । उनले भने, 'विपक्षीहरूले गाउँपालिकालाई बन्धक बनाएका छन्, निकास नदिँदा अहिले उपचार नपाएर पशुपन्छी मरिरहेका छन्, स्वास्थ्य चौकीमा सिटामोलसमेत छैन, कर्मचारीले तलब भत्ता पाएका छैनन्, ज्येष्ठ नागरिकले भत्ता पाएका छैनन् ।' अध्यक्ष चौधरीले जनताबाट निर्वाचित जनप्रतिनिधिले गाउँपालिकाको समग्र हित र विकासका लागि मुख्य भूमिका निर्वाह गर्नुपर्नेमा व्यक्तिगत र दलीय स्वार्थबाट प्रेरित भएको आरोप लगाए ।

विपक्षी दलका नेकपा एमालेका डुडुवा गाउँपालिका-६ का वडाध्यक्ष मोहनराम मिश्रले गाउँपालिकामा आफूहरूको बहुमत भएकाले हाम्रा एजेण्डालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने माग गरे । उनले पालिकामा कार्यरत करार सेवाका कर्मचारीको व्यवस्थापन, केही ऐन र कानुन संशोधनको प्रक्रिया गरेमा मात्र सहमति गर्ने बताए । गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष नेपाली कांग्रेसका रहेको र कूल छवटा वडामा एक वडामा नेपाली कांग्रेस, तीन वडामा जनता समाजवादी पार्टी (जसपा) र दुई वडामा नेकपा (एमाले) विजयी भएको थियो । जसपा र एमालेको बहुमतमा कार्यपालिका गठन गरिएको थियो । *रासस*

## वन पैदावार (काठ) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको लट नं. १ को गोलिया थान १०४ को ८६९.८९ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बंगलामुखी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–९, मकवानपुर**

# नवनियुक्त प्रहरी निरीक्षकहरूलाई दर्ज्यानी चिह्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** खुला प्रतियोगितामार्फत जनपद प्रहरी समूहतर्फ प्रहरी निरीक्षक पदमा नवनियुक्त भएकामध्ये विभागीयतर्फका १११ जना प्रहरी निरीक्षकहरूलाई दर्ज्यानी चिह्न प्रदान गरिएको छ । प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहले प्रहरी प्रधान कार्यालयमा बुधबार आयोजित कार्यक्रममा उनीहरूलाई दर्ज्यानी चिह्न प्रदान गरेका हुन् ।

२०७८ मंसिर १० गते प्रकाशित विज्ञापनअनुसार खुला प्रतियोगिताको यही मंसिर ८ गते प्रकाशित अन्तिम नतिजामा विभागीयतर्फ १११ र खुलातर्फ ३५ जनागरी कूल १४६ जना प्रहरी निरीक्षक उत्तीर्ण भएका छन् । जसमा १७ जना महिला छन् । यही १२ मंसिरको गृहसचिवस्तरीय निर्णयले मंसिर १५ गतेदेखि लागू हुनेगरी उनीहरू प्रहरी निरीक्षक पदमा नियुक्त भएका हुन् ।

दर्ज्यानी चिह्न सुशोभन कार्यक्रममा उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधन गर्ने क्रममा प्रहरी महानिरीक्षक सिंहले नवनियुक्त भएका प्रहरी अधिकृतहरूलाई बधाई दिँदै आगामी दिनमा अझ बढी व्यावसायिकता प्रदर्शन गर्दै प्राप्त जिम्मेवारीलाई वहन गर्न निर्देशन दिए । नवनियुक्त अधिकृतहरूबाट संगठनको श्रीवृद्धिका लागि अझ बढी उर्जा प्राप्त हुने उनले विश्वास व्यक्त गरे ।

## श्री जनता माध्यमिक विद्यालय गुरुङचौरी (०–१२)
**विज्ञान, व्यवस्थापन, शिक्षा र कला**
वेलका नगरपालिका ४, उदयपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९/०८/०२**

यस कार्यालयबाट मिति २०७९/०६/१४ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित अनुसार भ(ए मार्फत शिलबन्दी दरभाउपत्रको सूचनामा अन्तिम मिति भित्र रितपूर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांङकित सारभुत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | बोलपत्रदाता | बोलपत्रदातको ठेगाना | कामको विवरण | ठेक्का नं. | कबोल रकम रु (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री माँचन्द्र कन्स्ट्रक्शन प्रा.लि | बेलका नगरपाकिला ०४ उदयपुर | Construction of janata Namuna Building at Belaka -04 | JMSS/UDA/W/N/ CB/03/2079-080 | ७८६६३८९.११ | |

## वन पैदावार (काठ दाउरा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको तथा हेटौडा ढल्केवर दुहवी ४०० के.भी. प्रसारण लाइन आयोजनाबाट कटान भै हस्तान्तरण भएको घाटगद्दीमा लट नं. १ देखि ४ सम्म बनाई राखिएको साल, असना समेत विभिन्न जातको गोलिया थान ३२१ को ३७८२.८४ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ६.३५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**बाघभैरव सामुदायिक वन उपभोक्ता समूह**
**बकैया–६, मकवानपुर**

## वन पैदावार (काठ दाउरा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट नं. १ देखि ६ सम्म बनाई राखिएको साल, असना र चिलाउने जातको गोलिया थान ९५० को ८३१७.२१ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**महाङ्काल सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**

## वन पैदावार (काठ) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट बनाई राखिएको साल, असना जातको लट नं. १ को गोलिया थान ५९ को ७८७.०७ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–९, मकवानपुर**

## वन पैदावार (काठ दाउरा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट नं. १ देखि ४ सम्म बनाई राखिएको साल, असना जातको गोलिया थान ४३५ को ४७९५.५० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ३.० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**अमृता सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०८/१६ गते निम्न विवरणको रातो, कालो रङको Pulsar 220ABS Model को मोटरसाइकल भुम्लु गा.पा. वडा नं.८, दिपक भोजनालय गेटहाउस अगाडी पार्कीङ गरेको अवस्थामा राती चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : गुगुल बहादुर पाईन**
**बाइक नं. : बा.प्र -०२-०४० प ०२३५**
**च्यासिस नं.:** MD2A13EX4NCM 85770
**इन्जिन नं. :** DKXCNM 40002
**ठेगाना : बाह्रबिसे न.पा. वडा. नं.३**
**मो. : ९७४८२९९५९७**

## बिमालेख हरायो

मिति **2079-05-07** गते कलंकी देखि वानेश्वर सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बिमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : प्रज्ञा श्री विश्वकर्मा
फोन : 9849454030
ठेगाना :Birtamode-05, Jhapa
बिमालेख नं.: 108021453
कम्पनी: Nepal Life Insurance Company Ltd.

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : L S P M K TECHNICAL SERVICES L.L.C.

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | LT. No. 275460 | चलानी नं. ६०१९२८९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 60 | 0 | 1000 | ३५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Red Panda International Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. १३७५/०७४/०७५

P.O. Box No. 6546 Tokha-10, Manohar road, Kathmandu, Nepal Phone No: 01-4352910
E-mail : redpandaovs1375@gmail.com, Website : www.redpandaoverseas.com,

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEPAL GHAR RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/२१ | LT. No.265659 | चलानी नं. ६०१८२४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 110 | ३८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Govt. License 387/059/060
Website: www.paradeshioverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAZA GENERAL MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/०८/२१ | LT No.277332 | चलानी नं.६०१९२८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fabricator | 5 | 0 | 1100 | ३९,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## Sunkoshi Rural Municipality
**Office of the Rural Municipal Executive**
**Ramtar, Sindhuli**

### INVITATION FOR BIDS

**First Date of publication: 2079/09/22**

1. The Sunkoshi Rural Municipality, Ramtar, Sindhuli invites sealed bids from eligible firms, suppliers and bidders for Procurement of the following works/Goods.

| S. N. | Contract No. | Description of work | Estimated amount with VAT Nrs. | Cost of Bidding Document Nrs. | Bid Security Amount Nrs. | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid-opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SUNRM/ SQ/ 15/079/080 | Chalise-Todke Road Construction Works, Sunkoshi Rural Municipality- 5, Sindhuli | 19,58,620.45 | 1,000.00 | 50,000.00 | 2079-09-06 16:00 Hours | 2079-09-07 12:00 Hours | 2079-09-07 14:00 Hours |
| 2 | SUNRM/ GOODS/ 01/079/080 | Four Wheel drive pick-up suitable to operate in rough and hilly road condition of Nepal; Gross Vehicle Weight more than 2700 kg, total seating capacity for at least 5 persons including driver, Four Stroke. Four Cylinders. Turbo charged diesel Engine (Catalogue Shopping) | 31,50,000.00 | Not Applicable | Not Applicable | 2079-09-06 16:00 Hours | 2079-09-07 12:00 Hours | 2079-09-07 14:00 Hours |

2. For hardcopy, a complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application attaching copies of the Bidders Registration, VAT Registration and Tax clearance certificates of F/Y 078/79 or F/Y 077/78 with Tax Extension at Sunkoshi Rural Municipality, Ramtar, Sindhuli and upon payment of non-refundable fee as mentioned in the above table.
3. Interested bidders can purchase the complete set of bid-document after depositing the cost of bidding document in the following bank :

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Rastriya Banijaya Bank, Ratamata, Sindhuli**
   Name of Office: **Sunkoshi Rural Municipality Office, Sindhuli**
   Office Account no :- **1480100301010002**
4. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount valid for a period of 30 days beyond the validity period of bid. If bidder wishes to submit the cash security, the cash to be deposited in Deposit Account No. **1480100303000002** and submit receipt of deposited amount along with sealed bids.
5. Sealed - Bids must be delivered to the Sunkoshi Rural Municipality Office, Sindhuli on the date as mentioned in the above table. Late bids will be rejected. Bids will be opened physically at 14:00 hours on the same day of bid submission in the presence of the bidders or their representatives who choose to attend.
6. Eligible Bidders may obtain further information from the office of Sunkoshi Rural Municipality, Ramtar, Sindhuli, during office hours or may visit www.sunkoshimunsindhuli.gov.np.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विदेशमा कार्यरत नेपालीलाई राहत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगारदाता मुलुकबाटै श्रम स्वीकृति नवीकरण गर्न सक्ने गरी अनलाइन प्रणाली कार्यान्वयनमा ल्याएसँगै वैदेशिक रोगजारीमा रहेका नेपालीहरू श्रम स्वीकृतिका लागि स्वदेश फर्किनुपर्ने बाध्यता हटेको छ । यो कार्य सकारात्मक र स्वागतयोग्य छ । किनभने, वैदेशिक रोजगारीका लागि विदेशी भूमिमा रहेका लाखौं नेपालीहरू यसबाट लाभान्वित भएका छन् ।

वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गत एक पटक श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका कामदारले श्रम स्वीकृतिको अवधि सकिएपछि पुनः श्रम स्वीकृतिका लागि नेपाल आउनुपर्ने बाध्यताको अन्त्य भएको हो । पुनः श्रम स्वीकृतिका लागि कामदारले वैदेशिक रोजगार विभागको वेबसाइट एफइआइएमएस डटओआरजी डटएनपीमा लगइन गरी आवेदन दिनसक्ने व्यवस्था गरिएको छ । अनलाइन प्रणालीको विकासले भौतिकरूपमा उपस्थित भएर श्रम स्वीकृति नवीकरण गर्नुपर्ने बाध्यता हटेको छ । विदेशमा रहेका नेपालीले अनुकूलतामा श्रम स्वीकृति लिन सकिने भएको छ । यसअघि नेपालबाटै पुनः श्रम स्वीकृति लिनुपर्ने व्यवस्थाका कारण नेपाल आउन नसकेका र यसअघिसम्म श्रम स्वीकृति नवीकरण नगरी नेपाली कामदारले अनेक समस्या झेल्नुपरेको थियो ।

विभिन्न मुलुकमा रोजगारी गरिरहेका कामदारहरूले श्रम स्वीकृतिको अवधि समाप्त हुनुअघि नै अनलाइनमार्फत नवीकरण गर्न सकिने मन्त्रालयको भनाइ छ । यसका लागि मन्त्रालयले रोजगारदाता मुलुक हेर्ने सबै नेपाली दूतावास तथा कूटनीतिक नियोगलाईसमेत पत्राचार गरिसकेको छ । श्रम स्वीकृति वा पुनः श्रम स्वीकृति प्राप्त गरेका कामदारहरूको मृत्यु भएमा, अंगभंग, गम्भीर बिरामी वा अन्य कारणले अलपत्र परेमा सरकारले कल्याणकारी कोषबाट राहत तथा सुविधा दिँदै आएको छ । यसर्थ कामदारको कल्याणकारी अधिकारलाई सुनिश्चित गर्न श्रम गन्तव्य मुलुकबाटै श्रम स्वीकृति नवीकरण गर्न थालिएको मन्त्रालयले उल्लेख गरेको छ ।

यो नयाँ व्यवस्थाले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई साँच्चिकै ठूलो राहत मिलेको छ । पुनः श्रम स्वीकृति लिनका लागि मात्र नेपाल आउनुपर्दा दोहोरो रकम खर्च हुने गरेको थियो । अर्कोतिर समयमा पुनः श्रम स्वीकृति नलिँदा विभिन्न सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था नयाँ व्यवस्थाका कारण हट्नेछ ।

श्रम मन्त्रालयका अनुसार मलेसिया, खाडी मुलुक, युरोप र अफ्रिकालगायतका मुलुकमा श्रम स्वीकृति नवीकरण नभएका १० लाखभन्दा बढी नेपालीहरू काम गरिरहेका छन् । हाल मलेसिया, युएई, कतार र साउदी अरेबियामा मात्रै पाँच लाखभन्दा बढी नेपाली श्रम स्वीकृतिको अवधि समाप्त भइसकेर पनि काम गरिरहेको विभिन्न अध्ययनले देखाएको छ । अब सम्बन्धित मुलुकबाटै अनलाइनबाट पुनः श्रम स्वीकृति गर्न थालेपछि अवैधरूपमा रहेका कामदारको समस्या समाधान हुने मन्त्रालयले विश्वास लिएको छ ।

सरकारले श्रम स्वीकृतिको अवधि कायम रहेकै अवस्थामा मृत्यु भएका कामदारका परिवारलाई जनही सात लाख रूपैयाँ आर्थिक सहयोग गर्ने कानुनी व्यवस्था रहेको छ । कानुनतः श्रम स्वीकृतिको म्याद समाप्त भएको एक वर्षभित्र कल्याणकारी कोषबाट आर्थिक सहायता पाउने व्यवस्था रहेको छ । त्यस्तै मुलुकअनुसार म्यादी बिमाबापत करिब ११ लाख रूपैयाँसम्म मृतकका परिवारले क्षतिपूर्ति पाउने व्यवस्था रहेको छ । यी सुविधा पाउनबा वञ्चित हुन नदिन पुनः श्रम स्वीकृति सम्बन्धित देशबाटै लिनसक्ने व्यवस्था गरिनु अति आवश्यक थियो । ढिलै भए पनि सरकारले गरेको यो काम कामदारहरूको हितमा छ । अनलाइन सेवालाई निरन्तर, चुस्त र प्रभावकारी बनाउनमा सरोकारवाला निकायको ध्यान जाओस् ।

## मननयोग्य

### चाणक्य नीति

जो व्यक्तिले प्रतिदिन जलद्वारा पढेर अग्निलाई चारैतिरबाट कुशद्वारा बेरिराखेर, यज्ञद्वारा हवन् कार्य गर्दै, जनतालाई परिपोषण (प्रजापालन) गरेर गाई र ब्राह्मणलाई सुरक्षा गर्ने सन्दर्भमा भएको लडाइँमा घायल हुन गएको क्षत्तिय जसको अन्तः करण पनि पवित्र छ, ऊ देवलोकमा जाने गर्दछ अर्थात् मुक्ति पाउँछ ।

आफ्नो गुरुबाट वेद पढ्ने, समय-समयमा ब्राह्मण क्षत्रिय र आफूमा निर्भर रहने नोकर चाकरलाई आर्थिक सहायता गर्दै रहने तीन किसिमका अग्निबाट उडेको धूँवालाई सुँध्दै होम आदि अनुष्ठान गर्ने वैश्य पनि मरेपछि स्वर्गमा पुगेर सुख सयलको उपभोग गर्न पाउँछ ।

ब्राह्मन, क्षत्रिय तथा वैश्यहरूको न्यायपूर्वक सेवा गर्ने शूद्रले आफूले सेवा गरेका वर्गहरूलाई खुसी राखेमा ऊ पापरहित भएर कुनै दुःख कष्ट नपाई मर्न पाउँदछ । उसले पनि मरेपछि स्वर्गको सुख उपभोग गर्न पाउनेछ ।

हे महराज धृतराष्ट ! मैले तपाईलाई ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र यी चारैवर्गका मानिसले पालन गर्नुपर्ने कर्तव्य वा धर्महरूबारे बताइदिएँ । यसरी बताउनुपर्ने मानिसले कारण पनि सुन्नुहोस् - तपाईले नै गर्दा पाण्डु नन्दन युधिष्ठिर पनि क्षत्रिय धर्मबाट च्यूत हुँदैछन्, अतएव तपाई राजधर्म गर्नेतर्फ नै उद्यत राख्नुहोस् ।

हे विदुर ! तिमिले दिनहुँजसो मलाई जुन तरिकाले उपदेश दिने गरेको छौं, यो ज्यादै नै उत्तम कुरा हो । हे सौम्य ! तिमीले मलाई जे गर्नु भनी राय दिएका छौ, त्यसै बमोजिम चल्ने मेरो विचार पनि छ । यद्यपि, म (धृतराष्ट्र) पाण्डहरूप्रति सधैं नै तिमिले भने मुताविक नै धर्मयुक्त सद्धारणा लिने गर्दछु । तर, किन हो किन जब छोरो दुर्योधनलाई भेट्दछु, त्यसपछि मेरो बुद्धि नै उलटपुलट हुन जान्छ । क्रमशः

# यःमरि पुन्हि, उधौली र फगुई



▶▶ पदम श्रेष्ठ

आज मंसिर पूर्णिमा । आजको दिनलाई विभिन्न आदिवासी समुदायले फरक-फरक पर्वका रूपमा मनाउँदछन् । नेवार समुदायले यस दिनलाई यःमरि पुन्हि (धान्य पूर्णिमा)को रूपमा मनाउँदै आएको छ । यसै दिन ज्यापु दिवस पनि मनाइन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा जात्रा लाग्ने गर्दछ । यही दिन किराँत समुदायको उधौली पर्व पर्छ । तराइमा थारुहरूले फगुई पर्वका रूपमा यो पूर्णिमालाई मनाउने गर्दछन् । कुलुङ चाड येलेदोङ, चाक्वाकुर पनि यही दिन पर्दछ । यो लेखमा यी पर्व तथा जात्राहरूका बारेमा चर्चा गरिएको छ ।

**यःमरि पुन्हि (धान्य पूर्णिमा)**

*यःमरि च्वामू उके दुने हाम्व, बिउसा ल्यासे मब्युसाः बुरिकुती, त्यःछिं त्यः, वकःछिं त्यः, लाटपाटा कुलिंच्यो जुत्छी त्यः,*
*यःमरि च्वामू... (यःमरि चुच्चो छ, यो भित्र तिल छ, दिएमा तरुनी हुन्छौं, नदिएमा बूढी हुन्छौं)*

तिहारमा देउसी-भैलो खेलेर दान मागेजस्तै यसरी मागेर यःमरि खाने परम्परा छ, काठमाडौं उपत्यकाका नेवार समुदायमा । प्रेम, दया, करुणाको भावनात्मक पर्व यःमरि पुन्हिलाई बौद्धहरू पञ्चतत्त्व (चाकु, तिल, अदुवा, पानी र चामलको पिठो)ले पूर्ण चिवहाः चैत्यका रूपमा लिन्छन् । यःमरि खानाले जाडो सहन सक्ने ऊर्जा र कफ नष्ट गर्ने शक्तिको विकास हुन्छ भन्ने मान्यता छ । चामलको पिठोभित्र चाकु, तिल, खुवा, अदुवाको रस राखी मःमःझैं बफाएर यःमरि पकाइन्छ ।

किसानहरू यस दिन चामलको पिठोबाट गणेश, लक्ष्मी, ज्यापु, ज्यापुन्हि, ख्याक, कुवेर आदिका प्रतीकको साथ ल्वंचामरी चढाएर ढुकुटी पूजा गर्छन् । यःमरि नेवार समाजमा छोरी-चेली दुई जिउ हुँदा माइतीखलकले धौबजी खुवाउन जाँदा लैजानुपर्ने चलन छ । बालबालिकाको जन्मोत्सव, विवाह, म्हपूजा र वृद्ध भएपछि जंकुमा पनि यःमरि नभई हुँदैन । यसरी नेवारी जीवनका हरेक पक्षमा नभई नहुने यःमरि सहज ढंगबाटै बनाउन सकिन्छ ।

यःमरि बनाउन नयाँ धानको टाइचिन चामलको पिठो भए झनै उचित । पिठो मनतातो पानीले मुछ्नुपर्छ । मुछ्दा धेरै गिलो वा साह्रो हुनुहुँदैन । एक मुठी पिठोको डल्लोभित्र हातको बूढीऔंलाले पेट खाली बनाउने र त्यसभित्र चाकु, तिल स्वादअनुसार खुवा, घिउको लेदो राख्दै मुख बन्द गरी मःमः जस्तै बफाएर पकाउनुपर्छ ।

यःमरि पर्वकै अवसरमा ज्यापु समुदायले २०६१ सालदेखि वसन्तपुरमा ज्यापु दिवस मनाउन थालेको हो । सरकारबाट प्राप्त १२ लाख ५० हजार रूपैयाँको बीउ रकम राखी ज्यापु साँस्कृतिक विकास कोषका संस्थापक अध्यक्ष स्व. चक्रमान डंगोलको पहल र पूर्वमन्त्री तीर्थराम डंगोलको संरक्षकत्वमा राज्यका प्रधानमन्त्रीकोसमेत उपस्थिति गराएर ज्यापु दिवस मनाउन थालिएको हो । उनीहरूले ज्यापु दिवसलाई किसान दिवसका रूपमा मनाउनुपर्नेसमेत आवाज बुलण्द गर्दै आइरहेका छन् । तर, यस दिन आदिकालदेखि नै नेवार समुदायभित्र लुभुको गोभ्रातेश्वर महादेव जात्रा, थेचो नवदुर्गा गण नृत्य, थानकोटको महालक्ष्मी जात्रा आदिकालदेखि हुँदै आइरहेको छ भने गैरनेवारभित्र किराँतीहरूले उधौली पर्व र तराईका आदिवासी थारु समुदायमा नयाँ धानको चामलबाट बनेको परिकार फगुई बनाएर खाने खुवाउने परम्परा रहेको छ जुन यस प्रकार छः

**सासौं गोभ्रातेश्वर महादेवको खटजात्रा**

यःमरि पूर्णिमाका दिन लुभु गोभ्रातेश्वर जात्रा लाग्छ । एक दिनअघि घर लिपपोत गरी शुद्धसँग बनाएको यःमरि काँसको थालमा एक रूपैयाँ दामसहित छुट्याइन्छ भने एक माना चामलसहित पूजाका लागि ल्याउने गोभ्रातेश्वर महादेवलाई चढाइन्छ । यसरी जात्रा गर्दै पूजा थाप्दा महादेवलाई १४जना द्वारे र १६ जना खड्गीले शुद्धतापूर्वक पूजा गरिन्छ । पूजामा शुद्धता नभए देवता कोफ भई रोगको महामारी फैलिन्छ भन्दै मंसिर पूर्णिमाका दिन चोभरी दुवाल ज्यापुहरूले नुहाइ-धुवाइ गरेर पवित्र भई नङ काटी सेतो जामा पहिरिएर जात्रा चलाइन्छ । गोभ्रातेश्वर महादेवस्थानमा दुवाल ज्यापुका पुर्खाले पशुपतिनाथ दर्शन गर्दा गाईको गोबरमा महादेवले दर्शन दिएकोले गोभ्रातेश्वरलाई नेपाल भाषामा सासौ महाद्यो भनियो ।

**थेचो नवदुर्गा गण नृत्य**

यःमरि पुन्हिको एक दिनअघि छोयला बु (पोलेको राँगाको मासुलाई नुन-खुर्सानीमा मली बनेको परिकार)सँग भोज खाई ऐतिहासिक थेचोको नवदुर्गा जात्रा मनाइन्छ । छोयला बु, यःमरि पुन्हि, पिंगल जात्रा, मी प्याखँ (कोयलाछी जात्रा), भैलाजु जात्रा गरी पाँच दिन थेचो नवदुर्गा जात्राका ब्रह्मायणी र बालकुमारी खटजात्रा गरिन्छ ।

**थेचो नवदुर्गा जात्रा**

पूर्वकर्मनाशा र पश्चिम नख्खुबीचको करिब १३ हजार ५०० रोपनीमा फैलिएको थेचो नवदुर्गा जात्रा वर्ष दिन अगाडि श्रावण कृष्ण त्रयोदशीदेखि तयारी हुन्छ । नवदुर्गा गणमा सिंहिनी, ब्याघ्रिनी, बाराही, भैरव, अजिमा (दक्षिणकाली), मनमैंजु (महालक्ष्मी), म्हासुख्वा माजु (ब्रह्मायणी), कुमारी, वामुख्वामाजु, विष्णुदेवी, गणेश, तुयुख्वा माजु (वंगालादेवी)को मुकुण्डो गहना, लुगा र आगद्यो रहेको नवदुर्गा मन्दिरभित्र हाँस, कुखुराको बलि दिई भोज खाइसकेपछि एक महिनासम्म मूल ढोका बन्द गरिन्छ ।

मूल ढोका बन्दपछि थेचोभरि बाजा बजाउन, बिहे-व्रतबन्ध गर्न, इष्टमित्र-आफन्तलाई देश घुमाउन, राति बास बस्न पूर्ण बन्देज लगाइन्छ । भनिन्छ, यस अवधिमा अज्ञात व्यक्ति दही-चिउरा खान्छु भन्दै आउने र सोही व्यक्ति देवीलाई बलि दिने कथन थियो । देवी जगाउन लेलेको तीनपानी भञ्ज्याङबाट 'आगामसिं' काठ ल्याई चोकमा नृत्य छाप्रो बनाइन्छ ।

सोही रात, सिंहिनी-ब्याघ्रिनीलाई थेचोको यामुन्या पोखरीको भैरवलाई छम्पी दह, दक्षिणकालीलाई खुल्डोचाबाट र वाराहीलाई बुँलीदह गोदावरीबाट पानी ल्याई चोख्याउने गरिन्छ । त्यसैगरी महालक्ष्मी, मनमैंजुलाई यामुन्या पोखरी, विष्णुदेवी बामुख्यालाई धापाखेलको, गंगा र गणेशका लागि गलबल थेचोको जल ल्याई गोप्य पूजा गरी विधिपूर्वक मुकुण्डो र पोसाक लगाउँछन् ।

यस थेचो नवदुर्गा जात्रा गण नृत्यमा ढल्को क्षेत्रपाटीस्थित इन्द्रायणी पीठ, टोखाको कालिकास्थानमा जस्तै जीवित माछा, भँगेरा, सर्प र बोका दन्दनी बलिरहेको होमस्थलमा दहन गरिन्छ ।

**थानकोट महालक्ष्मी जात्रा**

यःमरि पूर्णिमाका दिन गोपाली, देसार ज्यापुको आदि भूमि थानकोटमा महालक्ष्मी, महाभैरवीको खटजात्रा हुने गर्दछ । राजा अमर मल्लद्वारा ने.सं. ६०४ मा बस्ती रक्षार्थ स्थापित अष्टमातृका पीठमध्ये महालक्ष्मीलाई यस देशको प्रमुख देवी मानिन्छ । आदिनारायणको खटजात्रालगत्तै थालिने महालक्ष्मी जात्रा चाफ टोलका देसार गुठीका भैरवलाई विधिपूर्वक ढुंगेसिंह कटाएपछि अगाडि बढ्छ । द्वारे र दुवाल समुदायको सहयोगमा हुने जात्राअघि महालक्ष्मी मन्दिरमा गोपाली कन्याको इही (बेल विवाह) गरिन्छ ।

गोपाली समुदायमा इही गर्ने परम्परा छैन तर जात्राका बेला दुई जना कन्याको इहीलाई भाग्यमानी मानिन्छ । गंगटो बलि दिएर सुरू हुने पञ्चबलि (राँगा, हाँस, बोका, भेँडा, कुखुरा) बलिसहित महालक्ष्मी जात्रामा भैरव र गणेश खटको सहभागी हुन्छन् ।

**किरातीको उधौली**

अन्न उत्पादनका लागि प्रकृतिलाई धन्यवाद दिन मनाइन्छ, किराँती पर्व उधौली पर्व । लोक आख्यानहरूमा यस पर्वका बारेमा थुप्रै किम्वदन्तीहरू पाइन्छन् । ती मध्येका प्राकृतिक कृषियुगिन पर्वबारे यहाँ उल्लेख गरौं ।

एकपल्ट दोलखाका किराँती राजाले श्रीपेच पहिरने भव्य सार्वजनिक सभा राखेछन् । बहिनीकै हातबाट भव्य सभामा राजाले श्रीपेज पहिरिने परम्परा चल्दै थियो । अचानक रजश्वला हुन पुगेकी बहिनी सोइसोइला लाज र ग्लानिवंश समारोह छोडेर जंगल पस्छिन् । 'दोलोकुम्मा दो सोइसोइला' भन्दै चेलीलाई जति बोलाउँदा पनि फर्किनन् । यसैबीच हातमा बोकेको श्रीपेच भुइँमा खसी ढुंगा बन्न पुगेछ ।

श्रीपेचको शक्ति ढुंगामा छ भन्नेहरू ढुंगापूजक लिम्बू र श्रीपेचको शक्ति बहिनी सोइसोइलासँगै जंगलमा छ भन्नेहरू प्रकृतिपूजक खुम्बू (राई) कहलाए । मुन्धुम धर्मशास्त्रअनुसार उभौली र उधौली पुज्नेहरूमा राई (खुम्बू), लिम्बू, याख्खा, सुनुवारले वैशाख पूर्णिमामा चण्डी नाचेर (साकेला) र मंसिर पूर्णिमाका दिन उधौली (सिली) मनाउँछन् । तर, किराँतभित्रकै कुलुङ, जेरो, याम्फूले पुस १५, १६, १७ गते चक्चाकुर नयाँ वर्ष मनाउँछन् । नेवारहरूले यःमरि पुन्हि मनाइरहँदा किराँतले पनि नयाँ अन्नको परिकार खाँदै सिली मनाउँछन् । यस दिन किराँत भूमि पूर्वी नेपालको पहाडी इलाकामा मौलिक हाक्पारे, लङसिङ, केनीसा नाच्ने र किराँती धर्मशास्त्र मुन्धुमअनुरूपका फुङवा, चोङवा, थाक्वाथाक्मा, पाक्लुङलेटमा देवीदेवताको पूजा गरी धनुकाँड प्रदर्शन गरिन्छ ।

सिली उधौलीको आख्यानुसार आदिकालमा खेती गर्न नजानेका किराँतहरू काँचै तरुल, गिट्ठा, भ्याकुर र जंगली जन्तुको मासु खाने गर्दा अनेक रोग लागेर मर्दथे । तर, तागेरा देवताले कागुन र धानखेती र पाकाएर खान सिकाएपछि डाँडाकाँडा नै ढाकिनेगरी जनसंख्या बढेछ । यही खुसीयालीमा नयाँ धान वा कागुनको परिकार खाने र साकेला नाची चाखोम्बा, मिसेक, युमासाम, धेवासाम, थुङदाङवा र सायात्रुदेनका देवीदेवतालाई सुंगुर, कुखुरा, राँगा बलि दिई नयाँ अन्नको परिकार खाने गरिन्छ ।

**फगुई पर्व र थारु**

भूमिपुत्र थारु समुदायमा पनि यस दिन नयाँ अन्न घर भित्रचाएर पूजा गरिन्छ । नयाँ अन्न भित्रचाएर पूजालाई औली लेना-औली देना भनिन्छ । नयाँ अन्नको पिठोबाट झझराँको रोटी देवतालाई चढाएर खाइन्छ । यस दिनलाई थारुमा फगुई भनिन्छ ।

**कुलुङ चाड येलेदोङ, चाक्वाकुर**

किराँतभित्रका कुलुङहरूमा भने यस महान दिनलाई चाक्वाकुर पुस १५ देखि १७ गतेसम्म नयाँ वर्षका रूपमा मनाइने परम्परा छ । कुलुङ आदिभूमि सोलुखुम्बुको महाकुलुङ छेस्कम, गुदेल, बुङ, साद्दी, पार्व, सोत्तो (सोताङ) मौलिक भाषा कुलुङ परम्पराको पहिचानसहित मनाइन्छ चक्चाकुर । पुस १७ नयाँ वर्ष येलेदोङ पनि हुँदा तीन दिन भकारी पूजा गरेर मनाइन्छ ।

> यःमरि खानाले जाडो सहन सक्ने ऊर्जा र कफ नष्ट गर्ने शक्तिको विकास हुन्छ भन्ने मान्यता छ । चामलको पिठोभित्र चाकु, तिल, खुवा, अदुवाको रस राखी मःमःझैं बफाएर यःमरि पकाइन्छ । किसानहरु यस दिन चामलको पिठोबाट गणेश, लक्ष्मी, ज्यापु, ज्यापुन्हि, ख्याक, कुवेर आदिका प्रतीकको साथ ल्वंचामरी चढाएर ढुकुटी पूजा गर्छन् । यःमरि नेवार समाजमा छोरी-चेली दुई जिउ हुँदा माइतीखलकले धौबजी खुवाउन जाँदा लैजानुपर्ने चलन छ ।

**मिनारी दाचाम्रीः** पुस १५ गते गरिने पूजा । घरमा मीठो-मसिनो जे छ, खान्छन् ।

**तोबुबा-दोलमः** दोस्रो दिन चेली-छोरीज्वाइँलाई बोलाएर खुवाइन्छ ।

**नयाँ वर्ष येलेदोङः** शुभकामनासहित तोबुबा पिलम भव्य मनाउँछन् ।

पारिवारिक भेटघाट, शुभकामना आदानप्रदान गर्दै मीठो खाएर मनाउने चाक्वाकुर पर्व सोलुखुम्बुको महाकुलुङमा विशेष मनाइन्छ भने सुनसरी, मोरङ, झापा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, काठमाडौंका कुलुङहरूले पर्वलाई पुनः जागृत गर्दै छन् ।

## पत्र-मञ्जुषा

### मनोरञ्जन क्षेत्र रातभर खुला गर्ने निर्णय अव्यावहारिक

सरकारले मनोरञ्जनात्मक क्षेत्रको सञ्चालन समय थप गरेको छ । दोहोरी साँझहरूलाई राति १२ बजेसम्म र डान्स बारहरूलाई बिहान ४ बजेसम्म सञ्चालन गर्न दिने निर्णय सरकारको छ । राति अबेलासम्म यी क्षेत्र खोल्न दिँदा व्यवसायीहरूलाई फाइदा भयो । तर, अन्य सर्वसाधारण मर्कामा परेका छन् । रातिभरि मदिरा पिएर बबाल मच्चाउने, कुटाकुट गर्ने, आफूसँग भएको पैसा सिध्याउने, अरुलाई डिस्टर्ब गर्ने, होहल्ला गर्नेलगायतका कार्य अब बढ्ने देखिन्छ ।

यसले थप बेथिति मच्चिने निश्चित छ । सुरक्षामासमेत चुनौती आउने देखिन्छ । पहिले दोहोरी साँझ राति ९ बजेसम्म मात्र सञ्चालन गर्न पाइन्थ्यो । यता, डान्स बारहरू राति १२ बजेपछि सञ्चालन गर्न प्रतिबन्ध लगाइएको थियो । सुरक्षामा खतरा हुने देख्दादेख्दा पनि जिल्ला प्रशासन कार्यालय काठमाडौंले किन समय थप गऱ्यो ? यसले विभिन्न आपराधिक र गैरकानुनी क्रियाकलाप निम्त्याउने जान्दाजान्दै पनि प्रजिअ घनश्याम उपाध्यायले व्यवसायीको पक्षमा निर्णय गरिदिए ।

यो निर्णय गर्नका लागि व्यवसायीहरूले मोटो खर्च गरेको देखिन्छ । यसले समाजलाई कति असर पर्छ ? समाज, टोलमा कति विकृति फैलिन्छ भन्ने ख्याल गरिएन । जति पनि दोहोरी साँझ, डान्स बारहरू छन्, ती सबै घनाबस्तीको बीचमा छन् । यी क्षेत्र रातभर खोल्न दिँदा छरछिमेकलाई त डिस्टर्ब हुने भो । दिनभरि थाकेर आएकालाई डान्स बार र दोहारी साँझको आवाजले कति सताउँला ? सरकारको निर्णयले जनतालाई सुत्न र आराम गर्नबाट पनि वञ्चित गरेको छ ।

रातभर दोहोरी साँझ, रेस्टुरेण्ट र डान्स बार खोल्दाको असर घरपरिवारमा अवश्य देखिन्छ । राति छोराछोरी, बाबुआमा अबेला आउँदा घरपरिवारलाई चिन्ता हुन्छ । श्रीमती घरमा कुरेर बस्छिन्, श्रीमान् मदिरापानमा रमाइरहेका हुन्छन् । छोराछोरी रातभर बाहिर बस्दा बाबुआमालाई कति तनाव हुन्छ ? सरकारले घरपरिवार बिगार्ने काम गरिरहेको छ । राति जाँड खाएर गाडी चलाउँदा सवारी दुर्घटनामा पर्न सक्छ । सरकारले कतितिर सुरक्षा दिने ? रातभरि यी क्षेत्र खोल्न दिँदा फाइदा होइन बेफाइदा छ ।

राति ९ बजेपछि हरेक व्यवसाय बन्द गर्न लगाउनुपर्छ । व्यवसाय गर्ने नाममा घर, समाज बिगार्नु ठीक होइन । तर, सरकारले त्यसको दोस्रो पाटो हेरेन । व्यवसायीले कर तिरेका छन् भन्दैमा समाज बिगार्ने काम गर्न त पाइँदैन नि । सरकारको यो निर्णयको विरोधमा हाल सर्वसाधारणले आवाज उठाउन थालिसकेका छन् । डान्स बार, दोहोरी साँझलगायतका मनोरञ्जनात्मक क्षेत्रलाई उपत्यकाबाहिर सार्नुपर्ने माग उठेको छ । दिनभरि काम गरेर थाकेको ज्यान, त्यहीमाथि आराम गर्न नपाउँदा कति रिस उठ्छ ?

जनतालाई दुःख दिएर व्यवसायीहरू कमाउने अनि राज्यले कर उठाउने, यो त मिलेन । मनोरञ्जन दिने भनेर उपत्यकाभित्र सञ्चालन भएका यस्ता व्यवसायलाई हटाउन वा बन्द गर्न जनताहरूले नै आवाज उठाउने देखिन्छ । कि यसलाई सार्नुपऱ्यो, कि बन्द गर्नुपऱ्यो भनेर माग उठ्न थालेको छ ।

डान्स बार, दोहोरी साँझमा काम गर्ने अधिकांशको घर व्यवहार बिग्रिएको छ । आफ्नो त बिग्रियो बिग्रियो, अरुको पनि बिगार्छन् । जनताको घरमा झगडा बनाइदिने, तनाव दिनेलगायतका कार्य सरकारबाटै भइरहेको छ । होटल व्यवसायीलाई फेरि यसले भव्य फाइदा हुन्छ । दिउँसो १०० रूपैयाँ पर्ने सामान राति एक हजार रूपैयाँमा बेच्न पाइयो । तर, त्यहाँ कार्यरत कर्मचारी र ग्राहकको घर व्यवहार तहसनहस भएको छ । राज्यले यस्ता क्षेत्रलाई दिउँसै सञ्चालन गर्न दिनुपर्छ ।

सरकारको यो निर्णय व्यावहारिक छैन । त्यसैले यी व्यवसाय रातको समयमा बन्द गर्नुपर्छ । राज्यले जनताको विषयमा ख्याल नगरी व्यवसायीको पक्षमा निर्णय गऱ्यो । व्यवसायीको हितमा राज्यले काम गरिरहेको छ । यो निर्णयले जनतालाई कति क्षति पुगेको छ ? दुर्घटना कति हुन्छ ? लगायतका विषयमा कुनै पनि अध्ययन गरिएको छैन ।

*-रामचन्द्र गिरि, टोखा*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# म्याग्दीमा निर्माणाधीन ठूला विकास योजना अलपत्र

**गलेश्वर–** म्याग्दीमा निर्माणाधीन २० ठूला विकास निर्माणका योजना अलपत्र परेका छन् । संघीय र प्रदेश सरकारका यी योजनामा सडक, मोटरेबल पुल, भवनलगायतका योजना छन् । म्याग्दीमा गण्डकी प्रदेश सरकारका ११ र संघीय सरकारका नौ सडक र मोटरेबल पुलसम्बन्धी योजना अलपत्र परेका हुन् । त्यसमा पूर्वाधार विकास कार्यालय म्याग्दीअन्तर्गतका छ सडक र पाँच मोटरेबल पुल छन् ।

यसैगरी १५ वटा खानेपानी, बेनी अस्पतालको ५० शयचाको भवन निर्माणाधीन छ । बेनी-जोमसोम, बेनी-दरवाङ, गलेश्वर, भगवती, पोखरेवगर-भगवती, दरवाङ-ताकमधारापानी बेनी-बागलुङ, बेनी बालढुंगालगायत सडक पटक-पटक म्याद थप गर्दा पनि निर्माण व्यवसायीले निर्माण कार्यमा ढिलासुस्ती गर्दा समस्या भएको छ ।

म्याग्दीका नवनिर्वाचित प्रतिनिधि र प्रदेशसभाका सदस्यले जिल्लाका अधुरा र अलपत्र योजनालाई छ महिनाभित्र पूर्णता दिन तत्कालै पहल थाल्ने बताएका छन् । प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्वीर) ले जिल्लामा रोकिएका विकास निर्माणका योजनालाई तत्काल अघि बढाउने प्रतिबद्धता जनाए ।

तीन वर्षदेखि म्याग्दीको रघुगंगा गाउँपालिकाको गलेश्वर-पिप्ले-भगवती कालोपत्र सडक योजना अलपत्र छ । गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक आयोजना' कार्यक्रमअन्तर्गत पूर्वाधार विकास कार्यालयले सञ्चालन गरेको योजना निर्माण कम्पनी एपेक्स-खड्का कृष्ण जेभीले समयमै पूरा गर्न नसकेको हो ।

आयोजनाको थप समयमा निर्माण कम्पनीले काम सुरु नगरेपछि रघुगंगा गाउँपालिका-२ र ३ वडाका जनप्रतिनिधिले पूर्वाधार विकास कार्यालय पुगेर ध्यानाकर्षणपत्र बुझाएका छन् । वडाध्यक्षद्वय अमृत भण्डारी र खिमबहादुर शाहीले सडक कालोपत्र गर्ने काम छिटो अघि बढाउन माग गर्दै कार्यालय प्रमुख गुरुदत्त अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् । ध्यानाकर्षणपत्रमा निर्माण कम्पनीको लापरबाहीले कालोपत्र गर्ने सडक योजना अलपत्र पर्ने खतरा बढेका कारण समन्वय गरेर काम अघि बढाउन उल्लेख गरेका छन् ।

प्रमुख अधिकारीले पिप्लेदेखि भगवतीसम्मको सडक कालोपत्रको काम तत्काल अगाडि बढाउन निर्माण कम्पनीलाई निर्देशन गरिएको बताए । 'निर्माण कम्पनीलाई कार्यक्षेत्रमा खटिन हामीले पटकपटक पत्र काटेका छौं, यही महिनाको अन्तिमबाट काम सुरु हुन्छ,' अधिकारीले भने ।

पिप्लेदेखि भगवती जोड्ने सडक कालोपत्र गर्न निर्माण कम्पनीले सडकलाई फराकिलो बनाउने, ग्रेड मिलाउने, नाली निर्माण गर्ने लगायतका काम गरेर छोडेको थियो । भ्याटसहित १८ करोड ४१ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको यस योजनामा आठ किलोमिटर सडक आठ मिटर फराकिलो बनाउने र ५.५ मिटर कालोपत्र गर्नुपर्ने उल्लेख छ । प्रदेशका अन्य योजनालाई तत्काल काम अघि बढाउन निर्माण कम्पनीलाई ताकेता गरिरहेको पूर्वाधार कार्यालयले जनाएको छ ।

राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको बेनीदेखि पर्वतको मालढुंगासम्मको १३ किलोमिटर लामो बेनी-मालढुंगा सडक आयोजनाको काम अघि बढ्न सकेको छैन । निर्माण कम्पनीले बीचैमा काम छाडेपछि स्तरोन्नतिको चरणमा रहेको यो खण्डको काम अघि नबढेको हो । निर्माण व्यवसायी चार महिनादेखि कार्यस्थलबाट बाहिरिएको छ । यो सडकमा १३ किलोमिटर दूरी पार गर्न सवारीसाधनलाई डेढ घण्टा समय लाग्छ । *रासस*


## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CONVERT ENGINEERING AND TRADING**

पूर्व स्वीकृति मिति:२०७८/०३/२९ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०८/२१ LT. No. 242428 चलानी नं. ६०१६०११७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 6 | 0 | 1000 | ३६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी NEW PK FURNITURE DECOR SDN BHD**

पूर्व स्वीकृति मिति:२०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०८/२१ LT. No. 268674 चलानी नं. ६०१८४६९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०८/२१ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MATBAQATI TO PROVIDE MEALS RESTAURANT**

पूर्व स्वीकृति मिति : २०७८/०४/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२१ LT. No. 242601 चलानी नं. ६०१६९०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FLabor | 1 | 0 | 1100 | ३८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**

Govt. License 1462/074/075

Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660

skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ROYA FACTORY FOR FOOD PRODUCT COMPANY**

पुर्व स्वीकृति मिति : २०७९/०८/२१ LT. No.277314 चलानी नं.६०१९२९०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Crew | 1 | 0 | 2500 | ८७,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Product Taster | 1 | 0 | 5000 | १७५,७५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**

SES SHADA EMPLOYMENT SERVICES

Gaushala-9, Kathmandu, Nepal Tel : +977-1-4465484, 4465461

Fax: +977-1-4465453 E-mail : Contact@sesjob.com

श्रम ईजाजत नं. १३८७/०७४/०७५ Website : www.sesjob.com


## वन पैदावार (काठ दाउरा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस कवुलियती वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट नं. १ बनाई राखिएको सिसौ, असना, जामुन, चिलाउने समेत विभिन्न जातको गोलिया तथा बल्लाबल्ली थान ५४२ को १४०८.८५ घनफिट काठ र अन्य जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**फुर्केचौर कवुलियती वन उपभोक्ता समूह**
**हेटौडा-१८, मकवानपुर**

## नाम परिवर्तन भएको सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०८/२२**

यस कम्पनीको साविकको नाम ए.आर.इन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि.रहेकोमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंको पत्र संख्या ०७८/७९ चलानी नम्बर २९३५० मिति २०७८-०७-१० को पत्रानुसार **ए.आर.इन्जिनियरिङ कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.**कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ए.आर.इन्जिनियरिङ कन्सलटेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.**
मंगलसेन-५ अछाम, फोन नं.९८५६०३७०१५

## वन पैदावार (काठ दाउरा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस कवुलियती वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट नं. १ बनाई राखिएको मसला, सिसौ, खोटेसल्ला जातको गोलिया तथा बल्लाबल्ली थान ५२२ को १८०८.०१ घनफिट काठ र अन्य जातको दाउरा ०.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**प्रगतिशिल कवुलियती वन उपभोक्ता समूह**
**हेटौडा-१६, मकवानपुर**

## वन पैदावार (काठ दाउरा) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।२२**

यस कवुलियती वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा लट नं. १ बनाई राखिएको मसला, सिसौ, खोटेसल्ला जातको गोलिया तथा बल्लाबल्ली थान ३७८ को ९९६.०० घनफिट काठ र अन्य जातको दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**चेतनशील कवुलियती वन उपभोक्ता समूह**
**हेटौडा-१६, मकवानपुर**

## सच्याइएको

२०७९ मंसिर २० गते प्रकाशित यस प्रभाव दैनिकको वर्ष ९ अंक २१५ मा प्रकाशित **अथर्व बहुउद्देश्यीय सहकारी संस्था लि.**को **धितो रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने** सूचनामा **बोलपत्र खोलिने मिति समय र स्थान २०७९/०९/२९ गते शुक्रबार दिनको ४:०० बजे** धितो विवरण अर्न्तगत गायत्री प्रसाद दाहालको नाममा रहेको ०-०-१८-०/३०४.७८ ब.मि. क्षेत्रफल भएको जग्गाको कित्ता नं. २५४६ हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## बिमालेख हरायो

**मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।**

**नाम: शिवांगी प्रधान**
**ठेगाना : कलंकी-१४, काठमाडौं**
**बिमालेख नं.: १२५००९६२९**
**मोबाइल नं.: ९८५१२०४६४७**

# इटहरी उप-महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## प्रदेश नं. १, सुनसरी नेपाल

## इटहरी उप-महानगरपालिकाद्वारा जनहितमा जानकारीमूलक सन्देश

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

प्रभाव दैनिक

बिहीबार, २२ मंसिर २०७९ (Thursday,, December 8, 2022)

## 'के मान्छौ डर'मा दिनेश र गरिमाको रोमान्स

मोडल गरिमा शर्मा र दिनेश तामाङको रोमान्स रहेको गीत 'के मान्छौ डर' सार्वजनिक भएको छ। पोखराका विभिन्न रमणीय स्थलमा छायांकन भएको गीतमा प्रेमकथा देखाउन खोजिएको छ। डीपी खनालको शब्द, जीवन ढुंगेलको संगीत रहेको गीतमा संगीतकार ढुंगेल र आशा साउदको स्वर छ। गीतको एरेन्ज सञ्जिव बराइलीले गरेका हुन्। भिडियो मदन खड्काले निर्देशन गरेका हुन्। करन चैसिरको छायाँकन रहेको भिडियोका सम्पादक विकास ज्ञवालीको सम्पादन छ।







# 'प्लस साइज मोडल नेपाल' सुरु

**काठमाडौं (प्रस)–** मोटी युवतीहरू लक्षित मोडलिङ सौन्दर्य प्रतियोगिता 'प्लस साईज मोडल नेपाल' को चौथो संस्करण सुरु भएको छ। आयोजक मोडल संघ नेपालले एक विज्ञप्ति जारी गर्दै प्रतियोगीताको आवेदन खुल्ला भएको जनाएको हो।

१६ देखि ४० बर्षसम्मका विवाहित तथा अविवाहित दुवै समूहका युवतीले भाग लिन सक्ने प्रतियोगितामा ५५ केजी भन्दा माथि तौल भएको र स्पष्ट मोटोपना देखिएको हुनुपर्ने प्रावधान आयोजकले राखेको छ।

मोटोपनाका कारण हिनताबोध भएका युवतीहरूलाई प्रोत्साहन गर्ने तथा उनीहरूको क्षमता अभिवृद्धि गर्दै समाजमा सकारात्मक सन्देश फैलाउने उद्देश्यले आयोजना गरिएको 'प्लस साइज मोडल नेपाल'को कोरियोग्राफी चर्चित फेसन कोरियोग्राफर रोजिन शाक्यले गर्दैछन्।

चौथो संस्करणसम्म आइपुग्दा प्रतियोगिताले प्लस साइज युवती-महिलाहरूलाई उत्कृष्ट प्रशिक्षण प्रदान गरि दर्जनौ व्यावसायिक मोडल उत्पादन गर्न सफल भएको आयोजक संस्था मोडल संघ नेपालका प्रमुख डेविल सिंह राजपुतले बताए।

प्रतियोगीतामा प्रारम्भिक अडिसनबाट छानिएका प्रतियोगीलाई अन्तिम प्रतिस्पर्धाका लागि र्याम्प, व्यक्तित्व विकास, सञ्चार कला, फोटोसेसन, स्टेज पफर्मेन्स, पब्लिक स्पिकिङ लगायत विभिन्न विषयमा दक्ष प्रशिक्षकको प्रशिक्षण सहित फाइनमा स्पर्धामा उतारि नेछन्। प्रतियोगीताका विजेताले अन्तर्राष्ट्रिय प्रतियोगीतामा सहभागीको अवसरको अलवा विभिन्न उपहार हात पार्न सक्नेछन्।

# 'झिँगेदाउ'को सिक्वेल बनाउँदै ज्ञानेन्द्र

**काठमाडौं (प्रस)–** पछिल्लो समय सिक्वेल फिल्म निर्माणको बाढी नै आएको छ। नयाँ नाममा बनेको फिल्म हिट हुन गाहे भएपछि निर्माताहरू सिक्वेलतिर आकर्षित भएका हुन्। 'झिँगेदाउ' को पनि सिक्वेल बन्ने भएको छ।

करिब ४० वर्षअघिको नेपालको गाउँले परिवेशमा निर्माण भएको 'झिँगेदाउ' ले राम्रो व्यवसाय गरेको कारण यसका निर्माता तथा निर्देशक ज्ञानेन्द्र देउजाले यसको सिक्वेल बनाउन लागेको हुन्।



निर्देशक ज्ञानेन्द्र देउजाले तयारी सुरु भएको जानकारी दिए। 'झिँगेदाउ' जहाँ सकियो फिल्मको सिक्वेल निर्माणको सिक्वेल त्यहीबाट सुरु हुने देउजाले बताए। फिल्मको स्क्रिप्ट महेश दवाडीले लेखिरहेका छन्। फिल्ममा 'झिँगेदाउ २' मा अघिल्लो पार्टका सबै मुख्य कलाकार दोहोर्‍याउने निर्देशक देउजाको योजना छ।

'झिँगेदाउ' मा हिउँवाला गौतम, केकी अधिकारी, आँचल शर्मा, मुकुन भुषाल र कुशल विष्टको अभिनय रहेको थियो। 'झिँगेदाउ' मार्फत निर्देशक देउजा करिब ७ वर्षपछि निर्देशनमा कमब्याक गरेका हुन्।

# निर्माता संघमा दीपकराज र रवीन्द्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म निर्माताहरूको छाता संगठन नेपाल चलचित्र निर्माता संघको कार्यसमितिमा निर्माता तथा अभिनेताद्वय दीपकराज गिरी र रवीन्द्रसिंह बानियाँ मनोनीत भएका छन्।

निर्माता गिरीले छक्का पञ्जा सिरिजमार्फत नेपाली बक्सअफिसमा आफूलाई सफल बनाइसकेका छन्। यस्तै निर्माता बानियाँ पनि लगातार फिल्ममार्फत सफलता हात पारिरहेका छन। उनीद्वारा निर्मित चौथो फिल्म 'महापुरुष' प्रदर्शनरत छ भने रु १० करोड बढीको कलेक्सन घरेलु बक्सअफिसमै गरिसकेको छ।



संघको मंगलबार बसेको कार्यसमिति बैठकले उनीहरू दुईजनालाई कार्यसमिति सदस्यमा मनोनीत गरेको अध्यक्ष नवल खड्काले जानकारी दिए। 'नेपाली फिल्ममा सफलता प्राप्त गरिरहनुभएका दुई निर्मातालाई जोड्न पाउँदा खुसी लागेको छ, हाम्रो उद्देश्य नै क्रियाशील निर्माताहरूको संगठन बनाउनु हो', अध्यक्ष खड्काले भने, 'हामी नेपाली फिल्मलाई प्रत्यक्ष रूपमा फाइदा दिनसक्ने योजना तयार गरिरहेका छौं।' अध्यक्ष खड्काका अनुसार सोही बैठकले सङ्घका उपाध्यक्ष उदय सुब्बालाई वरिष्ठ उपाध्यक्षमा पदोन्नति गर्ने निर्णय गरेको छ।

योजनासहित संघमा जोडिएको निर्माता बानियाँले बताए। 'हाम्रो पेसागत हकहितको संस्थामा केही गर्न सकिन्छ भनेर जोडिएका हौं', निर्माता बानियाँले भने, 'हाम्रो अनुभवले अहिले देखिएका निर्माताहरूको समस्या समाधान गर्न जुट्नेछौं।' संघले हालै सम्पन्न निर्वाचनमा प्यूठानबाट प्रदेशसभा सदस्यमा निर्वाचित फिल्म निर्माता रोज राणा र धादिङबाट प्रदेशसभामा निर्वाचित अर्का निर्माता मधुकुमार श्रेष्ठलाई बधाई ज्ञापनसमेत गरेको छ।

# नेपथ्यसँगै झुम्यो वीरगञ्ज

**वीरगञ्ज (प्रस)–** एक महिने सांगीतिक यात्रामा निस्किएको नेपथ्यले वीरगञ्जमा कन्सर्ट सम्पन्न गरेको छ।

'मानवताका लागि संगीत' अभियानका साथ देशभरको दौडाहामा निस्केको नेपथ्यको यो दोस्रो कन्सर्ट हो। नेपथ्य वीरगञ्जमा यसअघि १८ वर्ष पहिले 'शान्तिको लागि शिक्षा' अभियान बोकेर उपस्थित भएको थियो। 'यसपटक वीरगन्ज आउन हामीले झण्डै दुई दशक कुर्नुपर्‍यो। अब वीरगञ्ज र नेपथ्यको भेट छिटो छिटो हुने विश्वास दिलाउँछु,' कन्सर्टमा गायक अमृत गुरुङले भने।

अघिल्लो कार्यक्रमजस्तै यसपटक पनि नेपथ्यले पहिलो गीत 'भेँडाको ऊनजस्तो' प्रस्तुत गरेको थियो। यस गीत रेकर्डमा भन्दा थोरै परिमार्जन गरिएको थियो। त्यसपछि क्रमशः 'छेक्यो छेक्यो', 'लामपाते सुरती', 'चरि मर्‍यो', 'जोमसोमे बजारमा' हुँदै 'शिरफूल' जस्ता गीतहरूले निरन्तरता पाएका थिए।

मानवसेवा आश्रमका मनछुने तस्विरहरू प्रस्तुत गर्दै 'यो जिन्दगानी' गाएपछि अमृतले आधुनिक नेपाली गायनका नायक नारायण गोपालको पनि सम्झना गरेका थिए।

'आज मंसिर १९ अर्थात् नारायण दाइको पुण्य तिथि। नेपाली संगीतलाई असाध्यै धेरै गुन लगाउनुभएको उहाँको आत्माको शान्तिको कामना गर्छु,' उनले भने।

कार्यक्रमको अन्त्यतिर सधैंजस्तै नेपथ्यको सर्वकालीक हिट गीतहरू 'रेशम' र 'तालको पानी' गाइएको थियो भने अन्तिममा 'रातो र चन्द्रसूर्जे' बाट बिट मारिएको थियो।

मञ्चमा गायक अमृतलाई ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेसमा सुविन शाक्य, गितारमा निरज गुरुङ र मादलमा शान्ति रायमाझीले सघाएका थिए। वीरगन्जको कन्सर्ट सम्पन्न भएपछि ७० सदस्यीय नेपथ्य टोली मंगलबार हेटौंडातर्फ प्रस्थान गरेको छ। मानवसेवा आश्रमकै आयोजनामा त्यहाँस्थित भुटनदेवी स्कुल मैदानमा नेपथ्य मंसिर २२ गते बिहीबार प्रस्तुत हुँदैछ।



## रंगशाला

### विश्वकप -२०२२

# यी हुन् क्वाटरफाइनलमा भिड्ने टोली

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतारमा जारी फिफा विश्वकप फुटबलको क्वाटरफाइनल समीकरण पूरा भएको छ। मंगलबार राति पोर्चुगल र स्विट्जरल्यान्डबीचको अन्तिम प्रि-क्वाटरफाइनल खेलसँगै अन्तिम आठमा पुग्ने टोलीको टुंगो लागेको हो।

कतार विश्वकपमा साविक विजेता फ्रान्स, साविक उपविजेता क्रोएसिया, ब्राजिल, अर्जेन्टिना, इंग्ल्यान्ड, नेदरल्यान्ड्स, मोरक्को र पोर्चुगलले अन्तिम आठमा स्थान बनाएका छन्। अब पहिलो क्वाटरफाइनलमा ब्राजिल र क्रोएसियाबीच शुक्रबार प्रतिस्पर्धा हुनेछ। दोस्रो क्वाटरफाइनलमा अर्जेन्टिना र नेदरल्यान्ड्सबीच प्रतिस्पर्धा हुनेछ।

यस्तै तेस्रो क्वाटरफाइनलमा फ्रान्स र इंग्ल्यान्ड तथा अन्तिम क्वाटरफाइनलमा मोरक्को र पोर्चुगलबीच प्रतिस्पर्धा हुनेछ।





**रामोस ह्याट्रिककर्ता**

स्ट्राइकर गोन्कालो रामोस कतार विश्वकप २०२२ मा पहिलो ह्याट्रिककर्ता बनेका छन्। पोचुगल २१ वर्षे युवा स्ट्राइकर जारी विश्वकपमा ह्याट्रिक गर्ने पहिलो खेलाडी हुन्।

बेन्फिकाबाट व्यवसायीक फुटबल खेलिरहेका रामोसको यो पहिलो विश्वकप हो। स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोलाई विस्थापित गर्दै प्लेइङ सेटमा स्थान बनाएका रामोसले ७४ मिनेट मैदानमा रहँदा तीन गोल गरेका थिए।

बुधबार राति युरोपेली प्रतिद्वन्द्वी स्विट्जरल्यान्डलाई ६-१ ले पराजित गर्दै पोर्चुगल कतार अन्तिम आठमा प्रवेश गरेको छ।

दोहास्थित लुसेल आइकोनिक रंगशालामा रामोसले ह्याट्रिक गर्दा पेपे, राफेल गुइमारेज र राफयल लिआओले एक एक गोल गरेका थिए।

रामोसले १७औं मिनेटमा जोआवो फेलिक्सको पासमा पहिलो गोल गरेका थिए। रामोसले डिएगो डालोटको पासमा दोस्रो व्यक्तिगत गोल ५१औं मिनेटमा गरे। रामोसले ६७औं मिनेटमा ह्याट्रिक पुरा गरे।

रसिया विश्वकप २०१८ मा दुई ह्याट्रिक भएका थिए। पोर्चुगलका क्रिस्टियानो रोनाल्डो र इंग्ल्यान्डका ह्यारी केनले ह्याट्रिक पुरा गरेका थिए।

### सूर्य नेपाल गल्फ टुर

## दोस्रो दिन पनि रविको अग्रता

**काठमाडौं (प्रस)–** सुर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सिजनको पहिलो प्रतियोगिता सुर्य नेपाल काठमाडौं ओपनको दोस्रो दिन ४-अन्डर ६४ को स्कोर गर्दै समग्रमा १०-अन्डर १ सय २६ सहित रबि खड्काले अग्रता कायमै राख्न सफल भएका छन्।

३६ होलको समाप्तिमा रबिले भुवन नगरकोटीलाई एक स्ट्रोकले पछि परेका छन्। लिडर रबिलाई दबाब दिएका भुवनले दोस्रो दिन रबिले जतिकै ४-अन्डर ६४ अंक जोड्दा समग्रमा ९-अन्डर १ सय २७ को स्कोरमा दोस्रो स्थानमा छन्।

लगातार दोश्रो दिन १-अन्डर ६७ खेल्दै समग्रमा २-अन्डर १ सय ३४ स्कोरका साथ रमेश अधिकारी तेस्रो स्थानमा उक्लिएका छन्। शुक्र बहादुर राई, प्रदीप कुमार लामा र राजेन्द्र श्रेष्ठ प्रधान समग्रमा इभन पार १ सय ३६ को स्कोरमा संयुक्तरूपमा चौंथो स्थानमा छन्। दाबेदार मानिएका शुक्रले खराब प्रदर्शन गर्ने क्रममा ३-ओभर ७१ मा दोस्रो दिनको खेल सकाए। प्रदीप र राजेन्द्रले समान २-अन्डर ६६ को स्कोर कार्ड तयार पारे।

### आइसिसी विश्वकप लिग-२

# तेस्रो खेलमा नेपाल पराजित





■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप लिग टुको त्रिदेशीय सिरिज अन्तर्गतको तेस्रो खेलमा नेपाल पराजित भएको छ। नामिबियामा जारी त्रिदेशीय एकदिवसीय सिरिजको आफ्नो तेस्रो खेलमा नेपालले आयोजक नामिबियासँग ८६ रनले पराजित भएको हो।

जितका लागि २ सय ७६ रनको लक्ष्य पाएको नेपालले ४६.५ ओभरमा १८९ रन बनाउँदा सबै विकेट गुमायो। नेपालका लागि कप्तान रोहित पौडेलले ४४ रन बनाएका थिए।

त्यस्तै दिपेन्द्र सिंह ऐरीले ३४ रन बनाउँदा ज्ञानेन्द्र मल्लले ३० रन बनाए। ओपनर अर्जुन साउद २९ रनमा रन आउट हुँदा पहिलो विकेटको रूपमा नेपालले कुशल भुर्तेललाई गुमाएको थियो। भुर्तेल ३ रन बनाउँदै आउट भए।

त्यस्तै नेपालका आसिफ शेख ७ रनमा आउट हुँदा गुल्सन झा २ रन बनाउँदै पेभेलियन फर्किए। त्यस्तै सोमपाल कामी शुन्य रनमा आउट भए। नेपालका लागि आरिफ शेखले १८ रन बनाउँदै आउट भए। ललित राजवंशीले ११ रन बनाएका थिए। नेपालका सागर ढकाल शुन्य रनमा अविजित रहे।

